बैठक संख्याः २१।२०८२

बैठक मितिः २०८२।१०।१५ गते, समयः बिहान १०:०० बजे

स्थानः सप्तकोशी नगरपालिका कार्यालयको सभाहल, सप्तरी

आज मिति २०८२।१०।१५ गते, बिहिवार बिहान १०:०० बजे सप्तकोशी नगरपालिकाका नगर प्रमुख श्री कृष्ण प्रसाद ढकालज्यूको अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी निम्न प्रस्तावहरू माथि छलफल गरी निर्णय गरियो ।

## उपस्थिति

| क्र.सं. | नामथर | पद | वडा नं. | दस्तखत |
|---|---|---|---|---|
| १ | श्री कृष्ण प्रसाद ढकाल | नगर प्रमुख-अध्यक्ष | | |
| २ | श्री रिता कुमारी चौधरी | नगर उपप्रमुख | | |
| ३ | श्री रोहिणी प्रसाद पोखरेल | वडा अध्यक्ष | १ | |
| ४ | श्री जाहिर हुसेन | वडा अध्यक्ष | २ | |
| ५ | श्री देवकान्त गोजेवार | वडा अध्यक्ष | ३ | |
| ६ | श्री जयराम खंग | वडा अध्यक्ष | ४ | |
| ७ | श्री गोसाई चौधरी | वडा अध्यक्ष | ५ | |
| ८ | श्री नन्दी लाल चौधरी | वडा अध्यक्ष | ६ | |
| ९ | श्री मनिता देवी चौधरी | का.व.वडा अध्यक्ष | ७ | मनिता |
| १० | श्री केदार प्रसाद साह | वडा अध्यक्ष | ८ | |
| ११ | श्री राजेन्द्र कुमार यादव | वडा अध्यक्ष | ९ | |
| १२ | श्री हरी लाल साह | वडा अध्यक्ष | १० | |
| १३ | श्री डोलेश्वर खङ्का | वडा अध्यक्ष | ११ | |
| १४ | श्री मनो कुमारी चौधरी | कार्यपालिका सदस्य | ३ | |
| १५ | श्री राजेन्द्र वि.क. | कार्यपालिका सदस्य | २ | |
| १६ | श्री रमेश प्रसाद साह | कार्यपालिका सदस्य | ८ | |
| १७ | श्री ललिता देवी खङ्ग | कार्यपालिका सदस्य | ९ | ललिता |
| १८ | श्री प्रभा कुमारी चौधरी | कार्यपालिका सदस्य | ५ | |
| १९ | श्री संझा कुमारी चौधरी | कार्यपालिका सदस्य | ६ | |
| २० | श्री शान्ति देवी यादव | कार्यपालिका सदस्य | १० | शान्ती |
| २१ | श्री संजु देवी चौधरी | कार्यपालिका सदस्य | ११ | सन्जु |
| २२ | श्री पुरुषोत्तम ढकाल | प्रमुख प्रशासकीय अधिकृत | | |
| आमन्त्रित एवं सहयोगी कर्मचारीहरू | | | | |
| १ | श्री प्रकाश सुवेदी | अधिकृत सातौं | | |
| २ | श्री कविता बस्नेत | लेखा अधिकृत | | |

बैठक संख्याः २१।२०८२
बैठक मितिः २०८२।१०।१५ गते, समयः विहान १०:०० बजे
स्थानः ससकोशी नगरपालिका कार्यालयको सभाहल, सुनसरी

| क्र.सं. | नामथर | पद | वडा नं. | दस्तखत |
|---|---|---|---|---|
| ३ | श्री लोकेश चन्द्र पैकरा | इन्जिनियर सातौं | | |
| ४ | श्री राम बहादुर कटुवाल | आ.ले.प. अधिकृत | | |
| ५ | श्री किशोर कुमार यादव | इन्जिनियर छैठौं | | |
| ६ | श्री रण वहादुर मगर | अधिकृत छैठौं | | |

**प्रस्तावहरू**

१. प्रस्ताव नं. १ : नगर कार्यपालिका बैठकको निर्णय कार्यान्वयनको समीक्षा सम्वन्धमा ।

२. प्रस्ताव नं. २ : IEE को अद्यावधिक प्रतिवेदन स्वीकृति सम्वन्धमा।

३. प्रस्ताव नं. ३ : आन्तरिक आय संकलनका लागि ढुङ्गा, गिट्टी, बालुवा, माटो, दहत्तर बहत्तर शुल्क निर्धारण सम्बन्धमा।

४. प्रस्ताव नं. ४ : नदीजन्य पदार्थको ठेक्का आह्वान सम्वन्धमा।

५. प्रस्ताव नं. ५ : चार्जिङ्ग सेन्टर स्थापनाको सहमति सम्वन्धमा ।

६. प्रस्ताव नं. ६ : विभिन्न सडकहरुको DPR गर्ने सम्वन्धमा ।

७. प्रस्ताव नं. ७ : चार कोठे विद्यालय भवन निर्माणको लागि अपुग रकम व्यवस्था गर्ने सम्वन्धमा ।

८. प्रस्ताव नं. ८ : आर्थिक सहयोग सम्वन्धमा ।

**निर्णयहरू**

**निर्णय नं. १**

ससकोशी नगरपालिकाको अघिल्लो नगर कार्यपालिका बैठकबाट भएका निर्णयहरू कार्यान्वयनको सम्बन्धमा समीक्षा गरियो ।

**निर्णय नं .२**

ससकोशी नगरपालिकाको नगर क्षेत्रको गंगाजली खोला,वडा नं.५, मलेठ खोला, वडा नं.११ र अमाहा टेङ्ग्राहा खोला, वडा नं.२ को खोलाहरुवाट नदीजन्य पदार्थ उत्खनन, संकलन तथा बिक्री वितरण प्रयोजनका लागि तयार IEE को अद्यावधिक प्रतिवेदन राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समितिको प.सं. ०८२।८३ च.नं. ४६८ मिति २०८२।१०।०८ गतेको पत्र मार्फत् सहमति प्राप्त भई वन तथा वातावरण मन्त्रालय, मधेश प्रदेशको प.सं. ०८२।८३ च.नं. ६७७ मिति २०८२।१०।१२ गते पत्र मार्फत् IEE को अद्यावधिक प्रतिवेदन स्वीकृति भएको जानकारी प्राप्त भई राजश्व परामर्श समितिको मिति २०८२।१०।१४ गतेको सिफारिस

बैठक संख्याः २१।२०८२
बैठक मितिः २०८२।१०।१५ गते, समयः बिहान १०:०० बजे
स्थानः सप्तकोशी नगरपालिका कार्यालयको सभाहल, सप्तरी

वमोजिमको सहमति प्राप्त एवम् तपसिल वमोजिमको स्वीकृत परिमाण पेश हुन आएको व्यहोरा वैठक समक्ष पेश भई जानकारी भयो ।

तपसिल

| क्र.सं. | खोलाको नाम | उत्खनन गर्ने क्षेत्रको | | | राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समतिबाट सहमति प्राप्त परिमाण | वन तथा वातावरण मन्त्रालयबाट स्वीकृत (अद्यावधिक) परिमाण |
|---|---|---|---|---|---|---|
| | | लम्बाई मि. | चौडाई मि. | गहिराई मि. | | |
| १ | गंगाजली | ३२५० | २५ | ०.४ | ३२५०० घ.मि. | ३२५०० घ.मि. |
| २ | मलेठ | ३०७६ | २६ | ०.६ | ४३००० घ.मि. | ४३००० घ.मि. |
| ३ | अमाहा टेङ्ग्राहा | १५०० | ९ | १ | १०८०० घ.मि. | १०८०० घ.मि. |

निर्णय नं .३

सप्तकोशी नगरपालिकाको नगर क्षेत्रको गंगाजली, मलेठ र अमाहा टेङ्ग्राहा खोलाको नदीजन्य पदार्थ उत्खनन, संकलन तथा बिक्री वितरण प्रयोजनका लागि ढुङ्गा, गिट्टी, बालुवा, माटो, दहत्तर बहत्तर शुल्क निर्धारण गर्दा मधेश प्रदेश आर्थिक ऐन, २०८२ को अनुसूची-६ (दफा ८ को उपदफा (१) सँग सम्बन्धित) बमोजिम प्रति क्यूब मिटर मू.अ.करबाहेक रू.२००।- निर्धारणका लागि राजश्व परामर्श समितिको मिति २०८२।१०।१४ गतेको वैठकवाट सिफारिस भए वमोजिमको शुल्क निर्धारण गर्ने निर्णय गरियो।

निर्णय नं .४

यस सप्तकोशी नगरपालिकाको नगर क्षेत्रको गंगाजली, मलेठ र अमाहा टेङ्ग्राहा खोलाको नदीजन्य पदार्थ उत्खनन, संकलन तथा बिक्री वितरण प्रयोजनका लागि तपसिल वमोजिमको कार्य योजना वमोजिम दुई प्याकेजमा विद्युतीय बोलपत्र मार्फत् ठेक्का आह्वानको लागि राजश्व परामर्श समितिको मिति २०८२।१०।१४ गतेको वैठकवाट सिफारिस भए वमोजिम ठेक्का वन्दोवस्तीको कार्य योजना स्वीकृत गरी विद्युतीय बोलपत्र मार्फत् ठेक्का आह्वान गर्ने, साथै प्याकेज नं. १।आ.स्रो.।२०८२।८३ गंगाजली खोला र अमाहा टेङ्ग्राहाको न्यूनतम ठेक अंक रु.६७,२००००।- र प्याकेज नं. २।आ.स्रो.।२०८२।८३ मलेठ खोलाको न्यूनतम ठेक अंक रु.४५,६००००।- कायम गरी ठेक्का वन्दोवस्ती गर्ने निर्णय गरियो ।

तपसिल

बैठक सख्याः २१।२०८२

बैठक मितिः २०८२।१०।१५ गते, समयः बिहान १०:०० बजे

स्थानः ससकोशी नगरपालिका कार्यालयको सभाहल, ससरी

<u>तपसिलः</u>

नदीजन्य पदार्थ उत्खनन, संकलन, बिक्री वितरण कार्यको कार्य योजना

| सि.नं. | निर्णय मिति | ठेक्का आह्वानको सूचना प्रकाशन | बोलपत्र खोल्ने मिति | मूल्याङ्कन अवधि | बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशन | बोलपत्र सम्झौताका लागि पत्राचार | सम्झौता | नदीजन्य पदार्थ उत्खनन/संकलन अवधि |
|---|---|---|---|---|---|---|---|---|
| १. | २०८२ माघ १५ | २०८२ माघ १६ | २०८२ फागुन १८ | २०८२ फागुन १८-२४ | २०८२ फागुन २५ | २०८२ चैत्र २ | २०८२ चैत्र १७ | ७६ दिन |

नदीजन्य पदार्थ उत्खनन, संकलन, बिक्री वितरणको लागि परिमाण निर्धारण

| क.सं. | प्याकेजको नाम | खोलाको नाम | स्वीकृत परिमाण (घ.मि.) | राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समितिको मिति २०८२।१०।०८ गतेको सहमति पत्रमा उल्लेखित सर्त बमोजिम दैनिक उत्खनन/संकलन गर्न सकिने अधिकतम परिमाण | नदीजन्य पदार्थ उत्खनन/संकलन अवधि | उत्खनन/संकलन गर्न सकिने परिमाण | जम्मा उत्खनन/संकलन गर्न सकिने परिमाण |
|---|---|---|---|---|---|---|---|
| १ | प्याकेज नं. १।आ.स्रो.।०८२।८३ | गंगाजली | ३२५०० | ३०० घ.मि. | ७६ दिन | २२८०० घ.मि. | ३३६०० घ.मि. |
| | | अमाहा टेङ्ग्राहा | १०८०० | ३०० घ.मि. | ७६ दिन | १०८०० घ.मि. | |
| २ | प्याकेज नं. २।आ.स्रो.।०८२।८३ | मलेठ | ४३००० | ३०० घ.मि. | ७६ दिन | २२८०० घ.मि. | २२८०० घ.मि. |

बैठक संख्याः २१।२०८२

बैठक मितिः २०८२।१०।१५ गते, समयः बिहान १०:०० बजे

स्थानः ससकोशी नगरपालिका कार्यालयको सभाहल, ससरी

**निर्णय नं. ५**

ससकोशी नगरपालिका, वडा नं.१ को कार्यालयको च.नं.५१२ मिति २०८२।१०।१३ गतेको पत्रवाट वातावरण प्रदुषण न्यूनिकरण गर्नको लागि विद्युतिय सवारी साधनहरुको विद्युतिय चार्जिङ्ग सेन्टर वडा नं.१ स्थित वसपार्क क्षेत्रमा स्थापना गर्नको लागि फत्तेपुर वहुउद्देश्यीय सहकारी संस्था लिमिटेडलाई सहमति उपलव्ध गराई दिन अनुरोध भई आएकोले सोही वमोजिमको स्थानमा विद्युतिय चार्जिङ्ग सेन्टर निर्माण गर्न फत्तेपुर वहुउद्देश्यीय सहकारी संस्था लिमिटेडलाई सोही संस्थाले लगानी गर्ने गरी विद्युतिय चार्जिङ्ग सेन्टर निर्माण पश्चातको शुल्क नगरपालिकाले निर्धारण गर्ने गरी विद्युतिय चार्जिङ्ग सेन्टर निर्माणको लागि सहमति उपलव्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ६**

चालु आ.व. २०८२।०८३ मा विभिन्न योजनाहरुको IEE/DPR ( मोक्ष धाम निर्माण समेत) शिर्षकमा विनियोजित वजेटवाट ससकोशी नगरपालिका भित्रका देहायका सडकहरुको क्रमश : DPR गरी समवन्धित निकायहरुमा वजेट व्यवस्थापनको लागि अनुरोध गरी पठाउने निर्णय गरियो ।

तपसिल

१. कमलपुर चोक देखि सन्तपुर सम्मको वाटो निर्माण
२. त्रियुगा नदीको पुल पश्चिम मुखवाट हेडवाँध चौतारी देखि शम्भु राईको घर हुँदै नमस्ते होटल सम्मको वाटो
३. तुलसी चोक देखि मयुरनी खाता छोटी नहर हुँदै वडा नं. ७ को कार्यालय भवन हुँदै लेखि टोल देखि अधुरो कालोपत्रे सम्म साथै कोशिलाल टोल वडा नं.८ कालोपत्रे सडक
४. राम वहादुर कटुवालको घर देखि माछा फारम गेट सम्मको सडक
५. वडा नं.२ को सिमाना देखि वन कार्यालय हुँदै काफ्लेको घर सम्मको सडक
६. वडा नं. ११ चन्द्र नहरको मुख देखि प्रमोद चौधरीको घर हुँदै कमल दह सम्मको सडक
७. वडा नं. ८ को सुकदेव चौधरीको पसल देखि वडा नं.९ को पाटन टोल हुँदै कालोपत्र सडक सम्मको सडक

बैठक संख्याः २१।२०८२
बैठक मितिः २०८२।१०।१५ गते, समयः विहान १०:०० बजे
स्थानः ससकोशी नगरपालिका कार्यालयको सभाहल, ससरी

८. वडा नं. ६ को स्वास्थ्य चौकी देखि त्रियुगा वाँध सम्म साथै पुरानो स्कुल भवन सम्मको सडक
९. वडा नं.४ को मुसहरी वस्ती देखि वडा नं.२ को कालोपत्रे सडक सम्मको वाटो
१०. वडा नं.७ को वडा कार्यालय भवन देखि वडा नं.३ को मुसहरी वस्ती हुँदै वडा नं.७ को डिहिवार मन्दिर सम्मको सडक
११. वडा नं.१ को वेस क्याम्प देखि हेडवाँध टोल हुँदै त्रियुगा पुल सम्म
१२. वडा नं.२ को सिद्धिपुर चोक देखि वच्चु मरिकको घर सम्म
१३. वडा नं.३ राम प्रसाद चौधरीको घर देखि मलामी घर सम्म
१४. वडा नं. ३चित्र कुमारी श्रेष्ठको घर देखि पूर्व उदयपुरको सिमाना सम्म
१५. वडा नं. ५ गौचरण पोखरी देखि खानेपानी हुँदै क्लव घर सम्म
१६. वडा नं. ८ नहर पुल देखि शिव मन्दिर हुँदै वडा नं.७ को सिमाना सम्म
१७. वडा नं.८ नहर पुल देखि नयाँवस्ती हुँदै वडा नं.९को सिमना सम्म
१८. चिलिमिलि मलाहाको घर देखि उद्धव दुलालको घर हुँदै मुल वाटो सम्म
१९. वड नं.१० को गंगाजली पुल देखि डवल वहादुरको घर सम्म
२०. वडा नं.२ को सकुम्वासी टोल अधुरो आर.सि.सि. ढलान देखि उदयपुरको सिमाना सम्म
२१. वडा नं.२ को भोलाई चौधरीको घर देखि त्रियुगा नदी सम्म जाने वाटो
२२. वडा नं.२ को सत्य नारायण टोल विजय चौधरी र मुना दुलाको घरजाने वाटो
२३. वडा नं. ४कामद टोल देखि धन वहादुर राईको घर सम्म
२४. वडा नं. ५ गोपाल कार्कीको घर देखि मताने वा को घर हुँदै ढिहिवार थान हुँदै पिपल चोक सम्म

<u>निर्णय नं. ७</u>

मिति २०८२।१०।१३ गतेको नगर कार्यपालिकाको वैठकको निर्णयानुसार ससकोशी नगरपालिकाको लागि चालु आ.व. २०८२।०८३ मा संघीय सरकारवाट हस्तान्तरित निर्मित गुरुयोजनाका आधारमा स्थानीय तहको साझेदारीमा विद्यालयको भौतिक निर्माणमा वजेट रु.५५०००००।– (पचपन्न लाख) विनियोजन भएकोमा ससकोशी नगरपालिकाको चालु आ.व.२०८२।०८२ मा समपुरक लगायत विभिन्न योजनाहरुमा लागत साझेदारी शिर्षकमा विनियोजित वजेट मध्येवाट लागतं साझेदारी रु.१५०००००।– व्यहोर्ने गरी जम्मा वजेट

रु.७०,०००००।– (सत्तरी लाख)वाट सप्तकोशी नगरपालिका वडा नं. ९ स्थित श्री राष्ट्रिय आधारभुत विद्यालय, कमलपुरको ४ (चार) कोठे भवन ठेक्का आव्हान गरी निर्माण गर्ने निर्णय भएकोमा प्राविधिकवाट रु.८५०००००।– वरावरको लागत अनुमान पेश हुन आएकोले संघीय सरकारवाट हस्तान्तरित वजेट रु.५५०००००।– मा अपुग वजेट रु.२५०००००।- समपुरक लगायत विभिन्न योजनाहरुमा लागत साझेदारी शिर्षकमा विनियोजित वजेट मध्येवाट लागत साझेदारी गरी जम्मा वजेट रु.८००००००।– (पचासी लाख ) वाट सप्तकोशी नगरपालिका वडा नं. ९ स्थित श्री राष्ट्रिय आधारभुत विद्यालय, कमलपुरको ४ (चार) कोठे भवन ठेक्का आव्हान गरी निर्माण गर्ने निर्णय गरियो ।

निर्णय नं. ८

सप्तकोशी नगरपालिकामा बसोवास गर्ने व्यक्ति / संघसंस्थालाई स्वास्थ्य उपचार खर्च/ विपद राहत/ काज क्रिया सहयोग/ खेलकुद सहयोग/परम्परागत पुजा सहयोग वापत चालु आ.व. २०८२|०८३ मा आर्थिक सहायता शिर्षकमा विनियोजित वजेट मध्येवाट निम्नानुसारको राहात सहायता रकम उपलब्ध गराउने निर्णय गरियो |

तपसिल

| क्र.स. | आर्थिक सहायता प्रदान गरिने व्यक्ति/संस्थाको नाम,थर /ठेगाना | आर्थिक सहायता प्रदान गर्नुपर्ने कारण | सम्बन्धित वडा/व्यक्ति/संस्थाको सिफारिस पत्रको च.नं. र मिति | आर्थिक सहायता रकम/जिन्सी | शिर्षक |
|---|---|---|---|---|---|
| १ | जित वहादुर तामाङ्ग /वडा नं. १ | घर आगलागि | २०८२|१०|६ | रु.१०,०००|- | |